# ओमसतिया गाउँपालिकाको आर्थिक ऐन - २०७५

## ओमसतिया  गाँउपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने बनेको विधेयक

**प्रस्तावनाः** ओमसतिया गाँउपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयंन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलन प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले ,

नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिमआ.व. ०७५।०७६ को ओमसतिया गाँउ सभाले यो ऐन बनाएको छ ।

१. सक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम आर्थिक ऐन - २०७५ रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि ओमसतिया गाँउपालिकाको क्षेत्रमा लागू हुनेछ ।

२. **घर धुरी करः** ओमसतिया गाँउपालिका क्षेत्र भित्र **अनुसुचि (१)** बमोजिम घर धुरी कर लगाईने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: ओमसतिया गाँउपालिका क्षेत्रभित्र **अनुसूचि (२)** बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ । यो कर गत् विगत बक्यौताको रुपमा लागू हुनेछ ।

४. **घर वहाल कर**: ओमसतिया गाँउपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले, भवन, घर, पसल,ग्यारेज,गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वहाल कर लागाईने र असुल उपर गरिनेछ ।

५. व्यवसाय करः ओमसतिया गाँउपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारेवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन करः** ओमसतिया गाँउपालिकाको क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ  । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** ओमसतिया गाँउपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (६) बमोजिम कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** ओमसतिया गाँउपालिकाको क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसुचि (७) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल विरौटी शुल्कः** ओमसतिया गाँउपालिकाको क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल विरौटी शुल्क लगाईने र असुल उपर गरिनेछ।

१०. **पार्किङ्ग शुल्कः** ओमसतिया गाँउपालिकाको क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत  अनुसुचि (९) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** ओमसतिया गाँउपालिकाको निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुचि (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. **पर्यटन शुल्कः** ओमसतिया गाँउपालिकाको आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछैन। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधीः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी ओमसतिया गाँउपालिकाले तोके अनुसार हुने छ।